# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः १ | संख्याः ५६ | मितिः २०७८/०३/०६

## भाग-२

## दीर्घकालिन सेवा महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाई गर्ने कार्यविधि, २०७८

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

## दीर्घकालिन सेवा गरेका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाइ गर्ने कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मिति : २०७८।०३।०६

### प्रस्तावना

भरतपुर महानगरपालिका भित्र कार्यरत रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्य कम्तीमा १० वर्ष सेवा गरेका साथै नागरिकताका आधारमा ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई एकमुष्ट आर्थिक सहयोग रकम सहित सम्मानजनक विदाइ गर्न वान्छनिय रहेकोले दीर्घकालिन सेवा गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाइ गर्ने कार्यविधि, २०७८ तयार गरी लागू गरिएको छ । भरतपुर महानगरपालिकाको जनस्वास्थ्य ऐन, २०७७ को दफा ३३ (२) अनुसार यो कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम दीर्घकालिन सेवा गरेका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाइ गर्ने कार्यविधि, २०७८ हुनेछ ।

२. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२) परिभाषा**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

(क) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनुपर्दछ ।

(ख) "कार्यविधि" भन्नाले दीर्घकालिन सेवा गरेका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाइ गर्ने कार्यविधि, २०७८ सम्झनुपर्दछ।

(ग) "महिला स्वास्थ्य स्वयंसेविका" भन्नाले भरतपुर महानगरपालिका अन्तर्गत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्झनुपर्दछ ।

(घ) "दीर्घकालिन सेवा" भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कम्तीमा १० वर्ष सेवा गरेको सम्झनुपर्दछ ।

प्रमुख

परिच्छेद २

## महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाइ रकम प्रदान गर्ने आधारहरु

**३) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाइका प्रमुख उद्देश्य**

१) दीर्घकालिन सेवा गरेका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि विदाई हुने समयमा प्रोत्साहन हुने ।

२) समुदायमा स्वास्थ्य सेवा गरेको कामको पहिचान तथा सम्मान हुने ।

**४) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाइ रकम प्रदानका आधारहरु**

देहायबमोजिम आधारमा महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाइ रकम प्रदान गर्ने ।

१) भरतपुर महानगरपालिका अन्तर्गत कम्तीमा १० वर्ष सेवारत रहेको हुनुपर्ने ।

२) नागरिकताका आधारमा ६० वर्ष उमेर पुगेको हुनुपर्ने ।

३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कम्तीमा १० वर्ष सेवा गरिसकेपछि स्वास्थ्य सम्वन्धी कारणले सेवा गर्न असमर्थ भएमा पनि यस कार्यविधि बमोजिमको रकम प्रदान गर्न वाधा पुग्नेछैन ।

४) नियमानुसार आमा समूहमा राजिनामा पेश भइ स्वीकृत भएको हुनुपर्ने ।

५) सम्वन्धित स्वास्थ्य संस्थाबाट सिफारिश भएको हुनुपर्ने ।

**५) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाइ विवरण**

१) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि कदर पत्र सहित सम्मानजनक विदाइ गरिनेछ ।

२) सम्मानजनक विदाईका लागि एकमुष्ट आर्थिक सहयोग रकम रु.५०,०००।— अक्षरुपी पचास हजार रुपैंया प्रदान गरिनेछ । यस बमोजिमको सहयोग रकममा नियमानुसार १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरिनेछ ।

**६) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाइ प्रक्रिया**

१) स्वास्थ्य संस्थाहरुले महिला स्वास्थ्य स्वयंसेविकाको कार्य अवधि प्रमाणित गरी नागरिकताको प्रतिलिपि, महिला स्वास्थ्य स्वयंसेविकाको परिचयपत्रको प्रतिलिपि, आमा समूहमा राजिनामा पेश गरी स्वीकृत भएको कागजातका प्रतिलिपि प्रमाणित गरी सिफारिश साथ जनस्वास्थ्य प्रवर्द्धन शाखामा पठाउने ।

२) प्राप्त कागजातहरुको अध्ययन गरी जनस्वास्थ्य प्रवर्द्धन शाखाले यकिन विवरण सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

३) प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भए पश्चात महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आर्थिक सहयोग रकम र कदर पत्र सहित सम्मानजनक विदाई गर्ने ।

प्रमुख